प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

(प्रशासन तथा योजना महाशाखा)

बुटवल, नेपाल

पत्र संख्या: २०७६/०७७

चलानी नं. १९२४ मितिः २०७६/११/०५

विषयः नेत्रलाल अभागी रंगशाला निर्माण सम्बन्धमा ।

श्री घोराही उपमहानगरपालिका,

घोराही, दाङ।

प्रस्तुत विषयमा प्रदेश सरकारले घोराही ६ करौतिडाँडा स्थित नेत्रलाल अभागी रंगशालालाई दक्षिण एसियाली खेलकूद प्रतियोगिता संचालन गर्न सकिने गरी सार्क स्तरको रंगशालाको रुपमा विकास गर्ने कार्य अघि वढाएको व्यहोरा विदितै छ ।यस उद्देश्य अनुरुप त्यस उपमहानगरपालिकाले उक्त रंगशालाको विस्तृत परियोजना प्रतिवेदन (DPR) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) का कार्यहरु त्यस उपमहानगरको वित्तीय दायित्वमा सम्पन्न गरी परियोजनाको वहुवर्षीय लागत अनुमानको विवरण यस मन्त्रालयमा उपलब्ध गराइदिनु हुन अनुरोध छ । विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा राष्ट्रिय खेलकूद परिषद्सँग समेत प्राविधिक रुपमा परामर्श लिई अगाडी वढाउनु हुन अनुरोध छ ।

त्यस उपमहानगरपालिकाबाट विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्राप्त भए प्रश्चात तत्काल रंगशालाको निर्माण कार्यका लागि खरिद प्रक्रिया अगाडी वढाइने भएकाले त्यस उपमहानगरपालिकाबाट गर्नुपर्ने उपरोक्त कार्यहरु यथाशीघ्र सम्पन्न गरी सम्वन्धित प्रतिवेदनहरु यस मन्त्रालयलाई उपलब्ध गराईदिनुहुन निर्णय अनुसार अनुरोध छ ।

वेगम के. सी.

शाखा अधिकृत

बोधार्थः

श्री युवा तथा खेलकुद मन्त्रालय, काठमाण्डौ

श्री शहरी विकास मन्त्रालय, काठमाण्डौ

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं ५

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं ५

श्री राष्ट्रिय खेलकूद परिषद् काठमाण्डौ

श्री प्रदेश योजना आयोग, प्रदेश नं ५

www.mosd.p5.gov.np, info.mosd@p5.gov.np, mosdfive@gmail.com, 071-550038, 550650

"बुद्ध जन्मस्थल लुम्बिनी जाऔं, शान्तिको सन्देश फैलाऔं"